कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष - ३, अंक - ६, आर्थिक वर्ष २०८३/०८४ असोज, २०८३

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, नेपाल



सम्पादकीय

गत आर्थिक वर्षको असोज महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा पूँजीगत खर्चमा केही वृद्धि भएको छ। असोज महिनासम्ममा प्रदेश सञ्चित कोषमा संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा वृद्धि भएकोले गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा कुल आयमा समेत केही वृद्धि भएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट **मासिक रुपमा** आर्थिक बुलेटिन प्रकाशन गरिनेछ। प्रदेशको समग्र आम्दानी र मन्त्रालयगत खर्चको विवरण साप्ताहिक र मासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगरको वेवसाइट pfco.koshi.gov.np मार्फत सार्वजनिक गर्ने गरिएको छ।

प्रकाशन तथा सम्पादन
वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८३/८४ को असोज महिनासम्म जम्मा रु.३ अर्ब ९४ करोड ५ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.१ अर्ब ७२ करोड ५२ लाख, पूँजीगत खर्च रु. ९५ करोड ८६ लाख र स्थानीय तहको अनुदान रु.१ अर्ब २५ करोड ६८ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीनवर्षको असोज महिनासम्मको खर्च स्थिति (रु.लाखमा)

बजेट शीर्षक/आर्थिक वर्ष	२०८१/८२	२०८२/८३	२०८३/८४
चालु खर्च	२५१६३	१२९७२	१७२५२
पूँजीगत खर्च	१०९२२	६८७५	९५८६
स्थानीय तह अनुदान	८६८२	८४०८	१२५६८
जम्मा खर्च	४४७६७	२८२५५	३९४०५
विनियोजनको तुलनामा खर्च %	१२.७%	७.८७%	९.७४%

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

२. चालु आर्थिक वर्ष २०८३/८४ मा यस प्रदेशको कुल बजेट रु.४० अर्ब ४४ करोड ९८ लाख रहेको छ। जसमध्ये चालु खर्च रु.१३ अर्ब ९८ करोड ६३ लाख, पूँजीगत खर्च रु.२० अर्ब ७५ करोड ९९ लाख, वित्तीय व्यवस्था रु.१५ करोड र स्थानीय तह अनुदान रु.५ अर्ब ५५ करोड ३६ लाख रहेको छ।

३. चालु आर्थिक वर्षको पहिलो त्रैमासिकसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी असोज महिनामा रु.३ अर्ब ६ करोड ५७ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

तालिका (ख) आर्थिक वर्ष २०८३/८४ को असोजसम्मको मासिक खर्चको विवरण

(रु.लाखमा)

शीर्षक/महिना	श्रावण	भदौ	असोज	जम्मा	वार्षिक बजेट	पहिलो त्रैमासिक खर्च %
चालु खर्च	७२	५६५२	११५२९	१७२५२	१३९८६३	१२.३४%
पूँजीगत खर्च	६७	१३५८	८१६१	९५८६	२०७५९९	४.६२%
स्थानीय तह अनुदान	०	१६००	१०९६७	१२५६८	५५५३६	२२.६३%
वित्तीय व्यवस्था	०	०	०	०	१५००	०.००%
जम्मा खर्च	१३९	८६१०	३०६५७	३९४०५	४०४४९८	९.७४%
मासिक खर्चभार	०.०	०.२२	०.७८	१.००		

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

राजस्व तथा अनुदान प्राप्ति

४. आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.३ अर्ब १६ करोड ४ लाख (वार्षिक लक्ष्यको १६.८%) राजस्व प्राप्ति भएको छ। यसैगरी संघीय अनुदान जम्मा रु.४ अर्ब ५२ करोड ९३ लाख (वार्षिक लक्ष्यको २७.५%) निकासा प्राप्त भएको छ। चालु आर्थिक वर्षको प्रथम त्रैमासिकसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.७ अर्ब ६८ करोड ९७ लाख (वार्षिक लक्ष्यको २१.८%) प्राप्ति भएको छ।

५. गत आर्थिक वर्ष २०८२/८३ असोजसम्मको तुलनामा चालु आर्थिक वर्षको असोजसम्म प्रदेशको कुल आन्तरिक राजस्व संकलन १०३ प्रतिशतले वृद्धि रहेको छ, भने अनुदान प्राप्तिमा २८ प्रतिशतले वृद्धि भएको छ।

तालिका (ग) कोशी प्रदेशको सञ्चित कोषमा राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण

(रु.लाखमा)

शीर्षक/महिना	चालु आर्थिक वर्ष २०८३/८४ को						गत आ.व. २०८२/८३ असोज सम्मको प्राप्ति	गतको तुलनामा चालु वर्षको वृद्धि
	श्रावण	भदौ	असोज	असोजसम्मको जम्मा प्राप्ति	वार्षिक लक्ष्य	प्रथम त्रैमासिक प्रगति %		
घरजग्गा रजिष्ट्रेशन शुल्क	१२	२६	३२२६	३२६४	१५८००	२०.७%	११०१	१९६%
सवारी साधन कर	०	१०६८	१४९२	२५६०	१८९००	१३.५%	२०६३	२४%
चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी	५१५	१०५८	१२४४	२८१६	१०४००	२७.१%	१०९३	१५८%
अनुदान/निकासा फिर्ता, बेरुजु	१८	८७	१०८	२१३	७००	३०.४%	८९	१३८%
*स्थानीय तहबाट प्राप्त राजस्व	३	३	३	९	५०२६	०.२%	५५	-८४%
विविध शुल्क/अन्य राजस्व	३६९	२७३	४५९	११०१	३२२४	३४.२%	४६८	१३५%
व्यवसाय रजिष्ट्रेशन दस्तुर	०	१९६	१२६	३२१	९५०	३३.८%	१९४	६५%
आन्तरिक राजस्व जम्मा	९१७	२७११	६६५७	१०२८५	५५०००	१८.७%	५०६५	१०३%
संघीय राजस्व बाँडफाँट	०	१०१११	११२०९	२१३१९	१३२७८८	१६.१%	१६९४३	२६%
जम्मा राजस्व	९१७	१२८२२	१७८६६	३१६०४	१८७७८८	१६.८%	२२००८	४४%
समानीकरण अनुदान	०	०	२२७९७	२२७९७	९११८६	२५.०%	२२४५९	२%
सशर्त अनुदान	०	०	१७८९३	१७८९३	५९५७४	३०.०%	९७५७	८३%
समपूरक अनुदान	०	०	२७८६	२७८६	१०२९२	२७.१%	१२९३	११६%
विशेष अनुदान	०	०	१८१८	१८१८	३६५८	४९.७%	१८३९	-१%
जम्मा अनुदान	०	०	४५२९३	४५२९३	१६४७१०	२७.५%	३५३४७	२८%
कुल राजस्व र अनुदान	९१७	१२८२२	६३१५८	७६८९७	३५२४९८	२१.८%	५७३५५	३४%
नगद मौज्दात	०	०	०	०	५००००		०	
वैदेशिक अनुदान सोझै भुक्तानी	०	०	०	०	२०००		०	
कुल आय अनुमान	९१७	१२८२२	६३१५८	७६८९७	४०४४९८	१९.०%	५७३५५	३४%

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।